# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) हेटौंडा, नेपाल, चैत ०९ गते, २०८२ साल (सङ्ख्या ०६

## भाग ३

बागमती प्रदेश सरकार

## स्वास्थ्य मन्त्रालय

हेटौंडा, नेपालको

## सूचना

**प्रदेशका विपन्न नागरिक एवम् आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०८२**

**प्रस्तावनाः** प्रदेशका विपन्न नागरिक एवम् आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधिलाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेशका विपन्न नागरिक एवम् आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **प्रदेशका विपन्न नागरिक एवम् आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ को दफा २ मा संशोधनः** प्रदेशका विपन्न नागरिक एवम् आकस्मिक उपचारका लागि रक्तसञ्चार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ (यस पछि मूल कार्यविधि भनिएको) को दफा २ को,-

(१) खण्ड (च) पछि देहायको खण्ड (च१) थप गरीएको छः-

"(च१) "प्रादेशिक अस्पताल" भन्नाले बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय मातहत सञ्चालनमा रहेका सरकारी अस्पतालहरू र मदन भण्डारी

स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको हेटौंडा अस्पताल समेत सम्झनु पर्छ।"

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः-

"(ङ) "सोधभर्ना रकम" भन्नाले रक्तसञ्चार सेवा प्रदान गर्दा ब्लड ब्याग सेट र रक्त परीक्षण बापत रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाले सम्झौता बमोजिम सोधभर्ना भुक्तानी प्राप्त गर्ने रकम सम्झनु पर्छ।"

(३) खण्ड (त) झिकिएको छ।

३. **<u>मूल कार्यविधिको दफा ३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ३ को,-

(१) उपदफा (१) मा रहेको "(Prescription)" भन्ने शब्द झिकिएको छ।

(२) उपदफा (२) को खण्ड (ग) मा रहेको "(Prescription)" भन्ने शब्दको सट्टा "(Requisition form)" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (३) मा रहेको "(Prescription)" भन्ने शब्द झिकिएको छ।

(४) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (३), (४) र (५) बमोजिमको व्यक्तिको लागि रक्तसञ्चार सेवा प्रदान गर्दा रक्तसञ्चार सेवा प्रदायकले निःशुल्क प्रदान गर्नु पर्नेछ तर स्थानीय तहले प्रदान गरेको निःशुल्क रक्तसञ्चार सेवा, आमा सुरक्षा

कार्यक्रम, सामाजिक सेवा इकाईबाट प्रदान गरिएको सेवा लगायत समान प्रकृतिका कार्यक्रमसँग दोहोरो नहुने गरी गर्नु पर्नेछ।"

४. **<u>मूल कार्यविधिको दफा ४ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ४ को उपदफा (१) को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) अस्पताल निर्देशक, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पताल -सदस्य"

(२) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) प्रमुख, योजना तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय -सदस्य"

(३) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

"(झ) प्रमुख, चिकित्सा सेवा महाशाखा, मन्त्रालय - सदस्य"

५. **<u>मूल कार्यविधिको दफा ६ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ६ को,-

(१) उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) अस्पताल निर्देशक/मे.सु., प्रादेशिक अस्पताल -अध्यक्ष"

(२) उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) प्रमुख, जनस्वास्थ्य कार्यालय -सदस्य"

(३) उपदफा (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) नर्सिङ इन्चार्ज, प्रादेशिक अस्पताल -सदस्य सचिव"

(४) उपदफा (३) झिकिएको छ।

(५) उपदफा (५) मा रहेका "समितिका अध्यक्षले" भन्ने शब्दहरुको सट्टा "समितिले" भन्ने शब्द राखिएको छ।

८. **<u>मूल कार्यविधिको दफा १२ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १२ को उपदफा (३) हटाइएको छ।

९. **<u>मूल कार्यविधिको दफा १३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रादेशिक अस्पतालले रक्तसञ्चार सेवा प्राप्त गरेका व्यक्तिहरूको विवरण विद्युतीय प्रणालीमा अभिलेख राखी सो को विवरण सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश लेखा इकाई कार्यालय, निर्देशनालय र मन्त्रालयमा त्रैमासिक रूपमा प्रतिवेदन पठाउनु पर्नेछ।"

१०. **<u>मूल कार्यविधिको दफा १७ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाले यस कार्यविधि विपरित कार्य गरेमा अस्पतालले सोधभर्ना गर्नु पर्ने रकम रोक्का गर्न

सक्नेछ। साथै रक्तसञ्चार प्रदान गर्ने संस्थाले दोहोरो सोधभर्ना लिएको देखिएमा सोधभर्ना रकम असुल उपल गरी प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।"

**११. <u>मूल कार्यविधिको अनुसूची-१ मा संशोधनः</u>** मूल कार्यविधिको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छः-

**"अनुसूची- १**

(दफा ३ को उपदफा (२) को खण्ड (क) सँग सम्बन्धित)

**<u>आर्थिक रुपले विपन्न भएको स्वःघोषणा पत्र</u>**

| सम्बन्धित कार्यालयले व्यवस्था गर्ने |
|---|

श्रीमान् प्रमुखज्यू,
नेपाल रेडक्रस सोसाइटी/ ............... अस्पताल,
.............................जिल्ला।

<u>विषयः आर्थिक रुपले विपन्न भएको स्वःघोषणा पत्र।</u>

म ............................ले ...........................रोगको उपचार/अवस्थामा हाल ............................. अस्पतालमा गराई रहेको र सो रोगको उपचार/अवस्थाका लागि मलाई रगत वा रक्ततत्व आवश्यक परेको हुँदा सो सहित ब्लड ब्याग र सो रगत वा रक्ततत्वको परीक्षण समेत गर्न प्रदेश सरकारबाट व्यवस्था भएको रक्तसञ्चार सेवा उपलब्ध हुने व्यवस्था मिलाई दिनुहुन अनुरोध गर्दछु।

१. बिरामीको विवरण

(क) नाम थर ........ (ख) लिङ्ग...............

(ग) उमेर........ वर्ष (घ) जातिगत विवरण.............

२. स्थायी बसोबास विवरण

(क) जिल्ला........ (ख) स्थानीय तह...............

(ग) वडा........ (घ) टोल.............

(ङ) सम्पर्क फोन नं.................

(च) नागरिकता नं....................../जारी भएको जिल्ला.........................

३. अस्थाई बसोबास विवरण

(क) जिल्ला ........ (ख) स्थानीय तह...............

(ग) वडा........ (घ) टोल.............

(ङ) सम्पर्क फोन नं.................

४. हाल उपचार गराईरहेको अस्पतालको नाम/ठेगाना................................
बिरामी दर्ता नं.

५. अब उपचार गराउन चाहेको/प्रेषण भएको प्रदेशभित्रको अस्पताल.............

म......................., बागमती प्रदेशभित्र स्थायी बसोबास गर्ने प्रदेशको विपन्न नागरिक भएको स्वयं घोषणा गर्दछु र मैले निःशुल्क रक्तसञ्चार सेवा लिएको तस्विर सहितको विवरण सार्वजनिक गर्दा मलाई कुनै आपत्ति छैन। साथै, माथिको विवरण साँचो हो, झुटो ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

..............................
निवेदकको हस्ताक्षर
नामः
बिरामीसँगको नाताः
मितिः"

**१२.** **मूल कार्यविधिको अनुसूची-३ मा संशोधनः** मूल कार्यविधिको अनुसूची-३ को शीर्षकमा रहेका "स्वास्थ्य कार्यालयमा" भन्ने शब्दहरु झिकिएका छन्।

**१३.** **रुपान्तरणः** मूल कार्यविधिको ठाउँ ठाउँमा रहेका "स्वास्थ्य कार्यालय" भन्ने शब्दहरुको सट्टा "प्रादेशिक अस्पताल" भन्ने शब्दहरु राखी रुपान्तरण गरिएको छ।

**आज्ञाले,**
**डा. सुमित्रा गौतम**
**प्रदेश सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रू. ५।-